नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोनः ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्सः ०१०-५४०१३३
ईमेलः rasuwadao@gmail.com
वेबसाईटः www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर :

प्रेस विज्ञप्ती

मिति २०७६ माघ १५ गते बुधबारदेखि १५ दिनसम्मका लागि रसुवागढी सीमा नांका बन्द भन्ने विभिन्न सञ्चार माध्यमबाट प्रकाशित समाचार प्रति यस कार्यालयको ध्यानाकर्षण भएको छ ।

आज मिति २०७६/१०/१४ गते बिहान रसुवा-केरुङ तिब्बत सीमा क्षेत्र रसुवागढीमा जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत भन्सार र अध्यागमनका प्रतिनिधि कर्मचारीको अनुरोधमा नेपाल तर्फको सीमा क्षेत्रमा रहेका सुरक्षा निकाय, अध्यागमन र भन्सार प्रशासनका प्रतिनिधि कर्मचारीको अनौपचारिक छलफल भएको थियो । उक्त छलफलमा पछिल्लो अवस्थामा महामारीको रुपमा चीनमा फैलिएको कोरोना भाईरस (Corona Virus) संक्रमण जोखिमलाई बिशेष ध्यानमा राखी सीमा क्षेत्र स्तरमा चेकजाँच निगरानी प्रभावकारी गराउने, तिब्बतमा धुमधाम १५ दिनसम्म मनाईने ल्होसार पर्वमा दिईने सार्वजनिक विदामा ब्यापार ब्यवसाय न्यून हुने र रसुवागढीबाट केरुङसम्म जाने सडकखण्डमा ठुला ठुला पहिरो गई जोखिमयुक्त सडक भएका कारण मर्मत नहुँदासम्म आफ्नो सीमा क्षेत्र केरुङतर्फको बजारबाट जोखिम क्षेत्र (२४ कि.मि. दुरीसम्म) साना ठुला सवारी साधन मार्फत मानिसहरु आवत जावत नगर्न आवश्यक सहजिकरणका लागि नेपाली पक्षलाई अनौपचारिक अनुरोध गरेको थियो । तर, यस विषयमा समकक्षी स्तर (Counterpart Level), रसुवा स्थानीय प्रशासन र केरुङ प्रशासनबीच औपचारिक निर्णय, लिखित पत्र आदान प्रदान भएको छैन् ।

तिब्बतको केरुङ बजार उचाईमा रहेका कारण यस अवधिमा नियमित हिमपात भईरहने, यस ल्होसार पर्वको अवधिमा केरुङमा ब्यवसाय गरी बस्ने ब्यवसायीहरुले स्वस्फुर्त रुपमा पसल तथा होटेल बन्द गर्ने, सार्वजनिक बिदा हुने तथा केरुङमा ब्यवसाय गर्ने अधिकांश नेपाली ब्यवसायी तथा कामदारहरु नेपालतर्फ फिर्ता हुने परम्परा विगत देखि रहदै आएको कारण यस अवधिमा यस नाकाबाट आयात निर्यात तथा ब्यापार अत्यन्त न्यून हुने र दैनिक सरदर १५ देखि २० जनासम्म मात्र मानिसहरु आवतजावत गर्ने गरेको पाइन्छ ।

तसर्थ रसुवा-तिब्बत केरुङ सीमा क्षेत्र अन्तर्गत तिब्बत तर्फको गढी/रिसोउ बजार(Resuo Market) देखि जिलोङ काउन्टी, मुख्य केरुङ बजारसम्म जाने २४ कि.मि. सडक खण्डमा पहिरोको कारण बिग्रेको जोखियुक्त सडक मर्मत नहुँदासम्म उक्त सडक खण्डमा यातायातका सवारी साधन सञ्चालन नहुने अनौपचारिक जानकारी दिएपनि नेपालतर्फ रसुवागढी सीमा क्षेत्रमा रहेका भन्सार कार्यालय, अध्यागमन कार्यालय, क्वारेन्टिन लगायत अन्य निकायहरु नियमित खुल्ने र जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र केरुङ सीमा तर्फका भन्सार कार्यालय, अध्यागमन कार्यालय, क्वारेन्टिन लगायत अन्य निकायहरु नियमित खुल्ने र सीमा नाका बन्द नहुने भएकाले कुनै भ्रममा नपर्न सबैमा जानकारी गराइन्छ ।

१४ माघ, २०७६ ।

२०७६/१०/१४
सपना कुमारी भट्टराई
स.प्र.जि.अ./प्रवक्ता/सूचना अधिकारी